# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

मु.नं. १९१/०७३/७४

निर्णय नं. १३६

| | | |
|---|---|---|
| जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल ......................१ | | पुनरावेदक |

**विरूद्ध**

| | | |
|---|---|---|
| कार्यालय प्रमुख, नेपाल आयल निगम, केन्द्रीय कार्यालय, बबरमहल ...........................१ | | विपक्षी |
| सूचना अधिकारी, नेपाल आयल निगम, केन्द्रीय कार्यालय, बबरमहल ..........................१ | | |

विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले नेपाल आयल निगम, केन्द्रीय कार्यालय, बबरमहल समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।०४ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगवाट पुनरावेदकलाई माग बमोजिमको सूचना के कति कारणले उपलब्ध गराईएन भनी नेपाल आयल निगम, केन्द्रीय कार्यालय, बबरमहललाई आयोगको च. नं. ५५० मिति २०७३।०७।०५ को पत्रबाट लेखी गएको । तत् पश्चात पुनरावेदकले नेपाल आयल निगम, केन्द्रीय कार्यालय, बबरमहलबाट माग बमोजिमको सूचना प्राप्त गरेको भनी हस्ताक्षर गरेकोले सो सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल मंसिर ०५ गते रोज १ शुभम् ।